**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १०**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ जेठ ०६ गते सोमबार**

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको दशौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

**मा. खिमलाल भट्टराई**ले लुम्बिनी तथा तिलौराकोटको विकासको लागि वृहत्तर लुम्बिनी गुरुयोजना वर्तमान सरकारले ल्याएकोमा स्वागत गर्दै लुम्बिनीलाई समृद्ध तुल्याउँदै गर्दा यस क्षेत्र आसपासमा रहेको ठूलो जनसंख्यालाई पनि गरिबीको रेखाबाट माथि उठाई उनीहरूको जीवनस्तर उकास्नुपर्ने र त्यसका लागि कृषि, स्वास्थ्य र शिक्षाका क्षेत्रमा गुणात्मक सुधार गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. राधेश्याम अधिकारी**ले व्यापार असन्तुलन वृद्धि भएको, पूँजीगत खर्च निराशाजनक रहेको, मन्त्रालयहरूद्वारा अधिकारको केन्द्रीकरण गरिएको, राष्ट्रिय गौरवका आयोजना समय तालिकानुसार सञ्चालन हुन नसकेका, काठमाडौं–तराई जोड्ने द्रुतमार्ग सम्बन्धमा नेपाली सेनाले डीपीआर सरकार समक्ष बुझाएको तर त्यस सम्बन्धमा सरकारले हालसम्म पनि कुनै चासो नदिएकोमा आश्चर्य प्रकट गर्नुभयो ।

**मा. महेश कुमार महरा**ले डडेल्धुरा जिल्लामा पर्ने रङ्गुन नदी नियन्त्रण गुरुयोजना अन्तर्गत सञ्चालित राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको लागि बजेट विनियोजन भई निकासा समेत भइसके तापनि ठेकेदार कम्पनीले काम रोकेकोले लापरवाही गर्ने ठेकेदार कम्पनिलाई कालोसूचीमा राखी कारवाही गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. रामनारायण विडारी**ले सरकारले जनतालाई लालपूर्जा नदिएर रैती बनाएको आरोप लगाउँदै लालपूर्जा वितरण गर्न सरकार समक्ष माग गर्नुभयो ।

**मा. वृषेश चन्द्र लाल**ले जनकपुरलाई स्मार्ट सिटी बनाउने काम भइरहेको छ तर त्यहाँका जनताले आफ्नो जग्गाको कानून बमोजिम मुआब्जा नपाएको विषय उठान गर्नुभयो ।

**मा. रामलखन चमार**ले नवलपरासीस्थित लुम्बिनी चिनी कारखाना निजीकरण भएकोले उखु किसानले समयमा नै भुक्तानी नपाएको विषयमा जानकारी गराउनुभयो ।

**मा. प्रमिला कुमारी**ले सिक्टा सिँचाइ आयोजना प्रमुख रमेश बस्नेतले कमिशनको लोभमा हतारमा ठेक्का सम्झौता गरेको र काम सुस्त गतिमा भइरहेको जानकारी गराउनुभयो ।

**मा. हरिराम चौधरी**ले सुदूरपश्चिममा कृषिको लागि आवश्यक मल तथा बिउ अभाव रहेको विषयमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. धनकुमारी खतिवडा**ले मुद्रास्फीति र महङ्गीले आकाश छुन थालेको र देशका चर्चित अस्पतालहरूमा नर्सहरूलाई मासिक ५ देखि १० हजार मात्र तलब दिई श्रम शोषण गरिएको विषयतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. डा. विमला राई/पौड्याल**ले अहिले सदनमा टेबुल भएका विभिन्न विधेयकहरूमध्ये मानव अधिकार आयोग सम्बन्धी विधेयक र मिडिया काउन्सिल विधेयक धेरै चर्चामा रहेको सन्दर्भ उल्लेख गर्दै यसका सरोकारवालाहरू असाध्यै चिन्तित र आन्दोलित रहेको विषय उठान गर्नुभयो ।

**मा. मिना बुढा**ले रोल्पा जिल्लाको शहीद मार्गको सडक कालोपत्रे भएको एक वर्ष नपुग्दै फुटेर जर्जर अवस्थामा पुगेको र त्यहाँका जनता जोखिममा रहेकाप्रति चिन्ता व्यक्त गर्दै गर्नुभयो ।

**मा. रमेश प्रसाद यादव**ले बारा, पर्सा र रौतहट जिल्लास्थित गण्डक नहरमा धान रोप्ने समयमा कहिल्यै पनि पानी नआउनको कारण के हो भनी प्रश्न गर्दै बारा जिल्लास्थित पसाहा सिँचाइ आयोजना विगत दुई वर्षदेखि काम हुँदै आइरहेकोमा हाल आएर काम नै सम्पन्न नगरी ठेकेदार भागेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. भैरव सुन्दर श्रेष्ठ**ले छिन्चु-जाजरकोट सडक निर्माण हुँदा यस सडकमा पर्ने सम्पूर्ण जग्गा नेपाल सरकारले अधिग्रहण गरे तापनि जग्गाको दोहोरो लगत कट्टा नभएकोले कृषकहरूले दोहोरो लगत भएकै कारण जग्गाको तिरो तिरिरहनु परेकोले यसतर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "गुठी विधेयक, २०७५" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरुबाट विरोधको सूचना प्राप्त नभएकोले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्याललाई "गुठी विधेयक, २०७५" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई "प्रमाण ( दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउँदै उक्त विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा समेत अवगत गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले उक्त विधेयकमाथिको छलफलमा भाग लिन चाहनु हुने निम्न बमोजिमका माननीय सदस्यहरुलाई बोल्न समय उपलब्ध गराउनुभयो :

१. मा ठगेन्द्र प्रकाश पुरी
२. मा. वृषेश चन्द्र लाल
३. मा. बद्री प्रसाद पाण्डे
४. मा. विन्दादेवी आले (राना)
५. मा. जीवन बुढा
६. मा. प्रकाश पन्थ

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" माथिको सैद्धान्तिक छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउँदै माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल समाप्त भएको जानकारी गराउँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दा माननीय सदस्यहरूबाट सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "प्रमाण (दोस्रो संशोधन) विधेयक, २०७५" माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् २०७६ साल जेठ ८ गते बुधबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह ३:१० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव